Everest Institute of Hotel MAnagement
Mahendrapool, Pokhara
Contact : 061-536158, 9846038664, 9806600725
Admission Open !
6 months Specialization of Culinary Arts
3 months of Commercial Cooking
2 months of F & B Service
&
Many More .......
Come and Join with us today
Make your bright future for tomorrow

राष्ट्रिय दैनिक
गोल्डेन न्यूज
Golden News National Daily
वर्ष ९ अंक ९६ श्रेणी 'क' २०७३ पुस २१ गते बिहीबार 5 Jan. 2017 पृष्ठ ४ मूल्य रू. ५/-

कोरियन भाषामा नयाँ भर्ना खुल्यो
Eps Topik-2017 का लागि अनुभवी प्रशिक्षकद्वारा नयाँ पाठ्यक्रममा श्रव्यदृश्य माध्यमबाट नयाँ कक्षामा भर्ना खुल्यो।
कक्षाः विहान ८-९ बजे, ९-१० बजे | दिनमा १-२ बजे, ४-५ बजे | साँझमा ५-६ बजे
❖कक्षा संचालन भैरहेको छ ।
सम्पर्क
अन्नपूर्ण कम्प्युटर एण्ड मिडिया
ट्रेनिङ इन्स्टिच्यूट (कोरियन भाषा केन्द्र)
पोखरा-४, सिद्धार्थचोक (पुष्परत्न भवन)
शाखा कार्यालय : पोखरा-१७,बिरौटा,(शिब प्लाजा)
फोन :०६१-५२४२२७, ९८५६०३०५५५,९८४७६५५८८८

# दलहरु अझै कुर्चीकै खेलमा-भट्टराई

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २० पुस ।**

पूर्व प्रधानमन्त्री एवं नयाँ शक्ति पार्टी नेपालका संयोजक डा.बाबुराम भट्टराईले अहिले पनि राजनीतिक दलहरु कुर्चीका लागि झगडा गरिरहेको आरोप लगाएका छन् । नयाँ शक्ति पार्टी नेपाल कास्कीको आयोजनामा बुधबारदेखि शुरु भएको ६ महिने अभियानको उद्घाटन गर्दै भट्टराईले संविधान संशोधन गरी मधेशी तथा जनजातिका माग सम्बोधन गरेर स्थानीय तहको निर्वाचन गर्नुपर्ने बेलामा को कुर्चीमा बस्ने ? भन्नेमा नेताहरु लागेको बताए। उनले प्रधानमन्त्री सत्ताका लागि कुर्ची तानातान गर्दा राजनीतिक अस्थिरता बढेको बताए । उनले भ्रष्टाचारको दलदलमा फसेको राजनीतिलाई बाहिर निकाल्न नसकेसम्म देशको विकास अघि वढ्न नसक्ने उल्लेख गरे ।



संयोजक भट्टराईले ठूला ठूला परियोजनाहरुमा तलदेखि माथिसम्म हुने कमिसनको खेलले त्यस्ता आयोजनाहरु कहिल्यै पनि समयमै पूरा नहुने गरेको उदाहरण पेश गर्दै भष्टचारको अन्त्य नै नयाँ शक्ति नेपालको मुख्य अभियान रहेको बताए। नेपालको राजनीतिलाई भ्रष्टाचारबाट मुक्त गर्ने सूत्र आफूहरुले पत्ता लगाएको दावी गर्दै उनले निर्वाचित राष्ट्रपति प्रणालीको शासन लागू गर्ने अभियानका नयां शक्ति पार्टी लागेको बताए । उनले यो प्रणाली लागू हुन सक्यो भने पाँच वर्षसम्म एउटै व्यक्तिको शासन प्रणाली गर्दा देशमा शान्ति र स्थायीत्व कायम भई भ्रष्टाचारको अन्त्य हुने विश्वास व्यक्त गरे ।

पार्टीले मंसिरदेखि जेठसम्म घरघरमा नयाँ शक्ति अभियानको कार्यक्रम शुभारम्भ गरेको जानकारी दिंदै उनले आगामी निर्वाचनमा नयाँशक्ति पार्टी पहिलो स्थानमा आई सत्ता सम्हालेमा पाँच वर्षमा नेपाली जनताको प्रतिव्यक्ति आय दोब्बर वनाउने, १५ वर्षमा विकसित राष्ट्रको दाजोमा पुग्ने र २५ वर्षमा अमेरिका, जापान र वेलायतको दाजोमा पुग्ने ठोकुवा गरे ।

नेता भट्टराईले पुराना राजनीतिक दलहरु रातारात करोडपति वन्न कुदिरहेकोले तिनीहरुबाट देशको आर्थिक समृद्धि हुने कुनै सम्भवना नभएको भन्दै अवको विकास जनतालाई गरिवीको रेखाबाट माथि उठाई आर्थिक समृद्धिको बाटोतर्फ लाग्नुपर्नेमा जोड दिए । विकास र समृद्धिका लागि नयाँ शक्तिले फरक वाटो अँगालेकाले यसतर्फ जनताको चासो बढ्दो अवस्थामा रहेको स्पष्ट पार्दै उनले हामी जे भन्छौं त्यही गर्छौं र जनतावाट केही लिनका लागि होईन दिनका लागि नयाँ शक्तिको अभियान भएको उनले बताए ।

नयाँ शक्ति पार्टी नेपाल कास्कीका संयोजक हेम वहादुर थापाको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेश नं. ४ का सह-संयोजक कलावती शर्मा, नव प्रवेशी पाईलट मदन केसी, राष्ट्रिय युवा अभियानका सौगात पोखरेल लगायतले आर्थिक विकासबाट मात्र गरिवीको अन्त्य हुने बताएका थिए । सोही अवसरमा पाइलट कर्नेल मदन केसी नयाँ शक्तिमा प्रबेश गरेमा छन् । नेपाली सेनामा हुदाँ सगरमाथाको चुचुरोसम्म हेलिकप्टर उडाएर आरोहीहरुलाई उद्धार गरेका केसी जागिरे जिवनको अनुभवलाई राजनीतिमा प्रयोग गरि अगाडि वढ्ने उद्घोषका साथ नयाँ शक्ति पार्टीमा प्रबेश गरेको बताए ।

यसअघि कुनै राजनीतिक पार्टीमा खुलेर नलागे पनि उनी वामपन्थी विचारधार प्रति नजिक देखिन्थे । कार्यक्रममा अवसरमा उनी संगै लेखनाथ र कास्कीका करिव दुई सय ३५ जना विभिन्न राजनीतिक दल परित्याग गरी नयाँ शक्ति पार्टी नेपालमा प्रवेश गरेका थिए । भट्टाईले अविर लगाएर पाटी प्रवेश गराएका थिए ।

# देख्नेलाई दृष्टिविहीनको अनुभूति

**हरि बाँस्तोला**
**पोखरा २० पुस ।**

झट्ट सुन्दा अचम्म पनि लाग्न सक्दछ, विभिन्न कारणले दृष्टि गुमाएकाको दिनचर्या र भोगाइलाई बुधबार पोखराका विभिन्न कार्यालय प्रमुख, प्रतिनिधि एवम् सर्वसाधारणले केही समय भए पनि अनुभूति गरेका छन् । विश्व 'ब्रेल दिवस तथा २०८ औं लुइब्रेल' जयन्तीका अवसरमा सामाजिक जागरणका लागि नारी अभियानद्वारा पोखरामा आयोजित अँध्यारो यात्राका सहभागीले आँखा छोपेर सेतो छडीको सहारामा हिँडदा त्यस्तो अनुभूति गरेका हुन ।




पोखराको मानवअधिकार चोकबाट सुरु भएको अँध्यारो यात्रा चिप्लेढुङ्गास्थित बीपी चोक परिक्रमा गरेर पुनः सोही चोकमा आइपुग्न लगभग एक घन्टा लागेको थियो भने यात्राका सहभागीले निक्कै अप्ठेरो अनुभूति गरेको दृश्य देखिन्थ्यो ।

सडकमा देखिने सेतो छडी बोकेका दृष्टिविहीनको व्यथालाई आँखा देख्नेको अन्तरआत्माबाट बुझ्न र सहयोगी भावनाको विकास गर्ने लक्ष्यका साथ कार्यक्रमको आयोजना गरिएको नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य एवम् कार्यक्रम संयोजक सुष्मा पौडेलले बताइन । उनका अनुसार पोखराका सडक, सरकारी तथा गैरसरकारी कार्यालय, यातायातका साधन लगायतका विभिन्न भौतिक संरचना र व्यवहारसमेत अपाङ्ग मैत्री हुननसक्दा समाजका शारीरिक एवम् मानसिक अपाङ्गले कष्टकर जीवन जीउन बाध्य रहेका छन् ।

कार्यक्रमका सहभागीले एक हजार रुपैयाँ सहयोग गरेपछि सेतो छडी र आँखा छोप्नेपट्टी प्राप्त गर्ने व्यवस्था गरिएको भन्दै उनी भन्छिन्-"कार्यक्रमबाट बचेको ६२ हजार रुपैयाँ नेत्रहीन सङ्घ कास्कीलाई अक्षयकोष स्थापना गर्नका लागि सोही कार्यक्रममा हस्तान्तरण गरिएको छ ।" सरकारी कार्यालयमा आउँदा दृष्टिविहीनको भोगाई कस्तो हुन्छ भन्ने आफूले पहिलो पटक अनुभूति गर्ने मौका पाएको पश्चिमाञ्चल क्षेत्रीय प्रशासक खगराज बरालले बताए । उनले भने-"प्रत्येक सरकारी कार्यालयका कर्मचारीलाई समेत यस्ता कार्यक्रममा सहभागी गराउनु आवश्यक छ।"

कार्यक्रममा कास्की जिल्लाबाट पहिलो प्रवेशिका परीक्षा उत्तीर्ण गर्ने दृष्टिविहीन विद्यार्थी विष्णुमाया विकलाई सम्मान गरिएको थियो । उनलाई पाँच हजार नगदसहित दोसल्ला र सम्मानपत्रले सम्मान गरिएको हो । दृष्टिविहीनको वास्तविकतालाई समाजमा छर्लङ्ग पार्ने सन्देशमूलक कार्यक्रमलाई मुलुक र संसद समक्ष पुऱ्याउन पहल गरिने राष्टिूय अपाङ्ग महासङ्घका केन्द्रीय सचिवालय सदस्य शिशिर खनालले बताए । फ्रान्सका लुइब्रेलले प्रतिपादन गरेको ब्रेनलिपी विश्वका दृष्टिविहीनको एउटै भाषा बनेको भए पनि नेपालमा एकदशक अगाडि मात्र भित्रिएको दृष्टिविहीन श्रीकान्त सापकोटाको भनाइ छ ।

नेत्रहीन सङ्घ कास्कीका अध्यक्ष लक्ष्मण सुवेदीका अनुसार सोही कार्यक्रममा बर-पिपल प्लास्टिक स्टोर्सका सञ्चालक हरिप्रसाद सिलवालले सङ्घलाई १० हजार रुपैयाँ नगद आर्थिक सहयोग गरेका थिए ।

विश्व ब्रेन दिवसको अवसरमा नेत्रविहीन सङ्घ कास्कीद्वारा आयोजित दृष्टिविहीन अन्तर्गत भएको निबन्ध प्रतियोगितामा अमरसिंह उच्च माविका अञ्जन बस्ताकोटी र सङ्गीता कुँवर तथा जनप्रकाश उच्च माविका सुष्मा तामाङ क्रमश प्रथम, द्वितीय र तृतीय भएका थिए ।

# ब्राम्हण समाज कास्कीका नयाँ टीमको पदस्थापन

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २० पुस ।**

ब्राम्हण समाज नेपाल कास्कीको तेस्रो अधिवेशनबाट नवनिर्वाचित अध्यक्ष लगायतका पदाधिकारीको पदस्थापन कार्यक्रम सम्पन्न भएको छ। निर्वाचन समितिका संयोजक महेश पराजुलीले एक कार्यक्रमका बीच नवनिर्वाचित अध्यक्ष रामप्रसाद बस्ताकोटी लगायतका पदाधिकारी लाई पदस्थापित गराए ।

ब्राम्हण समाज नेपालका प्रमुख संरक्षक डा. नारायणप्रसाद अधिकारीको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा कार्यसमितिका उपाध्यक्ष डिल्लीरमण बास्तोला, सचिव विश्वबन्धु पौडेल, सहसचिव हेमन्त पराजुली कोषाध्यक्ष विष्णु सुवेदी, सदस्यहरुः ईन्दिरा आचार्य, ताराप्रसाद पौडेल, शिवराज तिमिल्सिना, बालाराम बराल, नन्दप्रसाद बराल, लक्ष्मी पौडेल, रमा पौडेल, कर्णेल डिल्लीराम बास्तोला, शिवलाल पौडेलको पदस्थापन गराईएको थियो ।

कार्यक्रममा बोल्दै डा. नारायणप्रसाद अधिकारीले जातीय सद्भाव र स्वजातीय स्वाभिमान अभिवृद्धि गर्दै एवम् समाजका सदस्यहरुलाई संगठित गर्दै राज्यले लिएको विभेदकारी नीतिका विरुद्ध एकजुट गराउनका लागि नै समाज गठन भएको बताए । उनले धार्मिक, एवम् सांस्कृतिक पूनर्जागरणका लागि अघि बढ्नुपर्नेमा जोड दिए ।

ब्राम्हण समाजका केन्द्रिय उपाध्यक्ष तथा निर्वाचन समितिका संयोजक महेश पराजुलीले नवनिर्वाचित कार्यसमितिलाई बधाई ज्ञापन गर्दै ब्राम्हण समाजले आयोजना गरेको महायज्ञमा प्रतिवद्धता गरिए बमोजिम ब्राम्हण समाज नेपालको केन्द्रिय कार्यालय भवन निर्माणका लागि पोखरा-७ मुस्ताङचोकमा जग्गा खरिद भई सकेकोले सो ठाउँमा यथाशीघ्र भवन निर्माण कार्यको थालनी गर्नुपर्ने टड्कारो अवश्यकता भएका बताएका थिए ।

कार्यक्रममा ब्राम्हण समाज नेपालका केन्द्रीय सचिव भेषराज लम्साल, केन्द्रीय सदस्य माधव बराल, निवर्तमान कार्यवाहक अध्यक्ष ध्रुवप्रसाद पराजुलीले समाजले आगामी दिनमा गर्नुपर्ने कार्यक्रमका बारेमा प्रकाश पारेका थिए ।

कार्यक्रममा नवनिर्वाचित अध्यक्ष रामप्रसाद बस्ताकोटीले ब्राम्हण समाजको विधानमा उल्लेखित उद्देश्यहरु एवम् केन्द्रिय कार्यसमितिको निर्देशन अनुसार सम्पूर्ण ब्राम्हणबन्धुहरुको सुझाव सल्लाहमा आफ्ना गतिविधिहरुलाई अगाडि बढाउने प्रतिवद्धता जनाए ।

ब्राम्हण समाज नेपालका केन्द्रीय उपाध्यक्ष तथा निर्वाचन समितिका संयोजक महेश पराजुलीको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन संस्थापक सचिव माधव बरालले गरेका थिए ।

यसैगरी ब्राम्हण समाज नेपाल कास्की जिल्ला कार्यसमितिको बैठकले विधानमा व्यवस्था भए अनुसार बामदेव बस्ताकोटी, ख्यामनारायण पौडेल, खगराज आचार्य र बलराम ढुंगानालाई कार्यसमितिको सदस्य पदमा मनोनित गरेको छ। साथै डा. लेखनाथ आचार्य, ध्रुवप्रसाद पराजुली, पं. पिताम्बर पौडेल, शिवप्रसाद पराजुली, बेदनिधी शर्मा, शंकर खनाल, पं. कुलप्रसाद भट्टराईलाई विधान अनुसार सल्लाहकारमा मनोनित गरेको छ ।

बैठकले निर्वाचन समिति, जिल्ला परिषद्का सदस्य, केन्द्रिय पदाधिकारीहरु लगायत जिल्ला अधिवेशन सम्पन्न गर्न सहयोग गर्ने सबैप्रति हार्दिक धन्यवाद व्यक्त गरेको छ। लगत्तै कार्यसमितिको बैठक नवनिर्वाचित अध्यक्ष रामप्रसाद बस्तोकोटीको अध्यक्षतामा बसेको थियो ।

# मुलुकको संवृद्धि माओवादीले मात्र गर्न सक्छ-मगर

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २० पुस ।**

पोखरा उपमहानगरपालिका वडा नं. १४ चाउथेस्थित विजय बस्तीमा नेकपा माओवादी केन्द्रको एक कार्यक्रम सम्पन्न भयो। कार्यक्रमलाई सम्बोधन गर्दै माओवादी केन्द्रका पोलिटब्युरो सदस्य बालकृष्ण काउछा मगरले देशको विकासका लागि माओवादी केन्द्र बाहेक अर्को कुनै विकल्प नभएको बताए। मगरले देशको समृद्धि चाहनेहरु कुनैपनि हालतमा कांग्रेस एमाले हुने अधिकार नभएको बताए । जनतालाई १८ घण्टासम्म लोडसेडिङमा राख्नेहरुबाट जनताले विकास आश मारेको भन्दै माओवादी केन्द्रका अध्यक्ष प्रचण्डको नेतृत्वमा सरकार बनेपछि विकासको लहर पलाएको उनले बताए । पोखरा पनि लोडसेडिङ मुक्त शहर बनेको भन्दै उनले सुकुम्बासीको घर-घरमा नागरिकताको आधारमा एक हजारमा मिटर बक्स राख्ने काम सरकारले गरेको स्पष्ट पारे । कार्यक्रममा माओवादी केन्द्रका केन्द्रीय सदस्य शिव खनालले माओवादी केन्द्रले जनताको भावना अनुसार काम गरेकोले सरकार बाहिर रहेका दलहरुको निद्रा हराएको बताए । माओवादी केन्द्रले देशको निकास र विकास दुवै गर्न सक्ने भन्दै सबै जनताले माओवादीलाई साथ दिनुपर्नेमा उनले जोड दिए । कार्यक्रममा बारका उपाध्यक्ष शिव सुनार, पत्रकार घनश्याम पाण्डेय, स्थानीय शंकरादेवी पौडेल,रामकृष्ण थापा, लघुराम तामाङ, स्थानीय टोल विकास सस्थाका अध्यक्ष शिब कुमार गजमेर, वडा नं. १४ का माओवादीका सचिव शिवराज कंडेल लगायतले आ-आफ्नो भनाई राखेका थिए । कार्यक्रम अम्मर ढुङ्गानाको अध्यक्षतामा भएको थियो ।

# स्ववियु निर्वाचनमा पहिलो पटक उमेर हदबन्दी

**काठमाडौं २० पुस ।(रासस)**

त्रिभुवन विश्वविद्यालयले स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनमा उम्मेदवार हुन पहिलो पटक उमेरको हदबन्दी तोकेको छ । बुधबार बसेको त्रिविको ४२ औं साधारण बैठक (सिनेट)ले स्ववियु निर्वाचनका लागि उम्मेदवारको हदबन्दी २८ वर्ष तोकेको त्रिविका विद्यार्थी तथा खेलकुद कल्याण शाखा प्रमुख गङ्गावहादुर थापाले जानकारी दिए । उमेरको हदबन्दी तोकिए पछि आगामी फागुन १४ गते स्ववियु निर्वाचन हुने निश्चित जस्तै भएको छ । बैठकले मिश्रित निर्वाचन प्रणाली अपनाउने निर्णयसमेत गरेको उनले बताए । अध्यक्ष, सचिव र कोषाध्यक्षसहित ५० प्रतिशत सदस्य प्रत्यक्ष निर्वाचनबाट र उपाध्यक्ष, सहसचिवसहित ५० प्रतिशत सदस्य समानुपातिक प्रणालीबाट चयन गरिने छ । विद्यार्थी सङ्गठनबीच उमेर हदबन्दीको विषयमा विवाद हुँदै आएको थियो । प्रत्येक दुई/दुई वर्षमा हुनुपर्ने स्ववियु निर्वाचन २०६५ सालयता विद्यार्थी सङ्गठनबीच विवाद सिर्जना भएर हुनसकेको छैन ।

यसैबीच अनेरास्ववियु (क्रान्तिकारी) का अध्यक्ष नरेन्द्र न्यौपानेले उमेर हदबन्दी तोकेसँगै अब स्ववियु निर्वाचन हुने सुनिश्चित भएको बताए। उनले आफ्नो सङ्गठनले नै उमेरको हदबन्दी माग गरेको जानकारी दिए। नेपाल विद्यार्थी सङ्घका महामन्त्री कुन्दनराज काफ्लेले आफ्नो सङ्गठनले एक पटक निर्वाचनका लागि उमेरको हदबन्दी नलगाउने पक्षमा रहेपनि निर्वाचनको सुनिश्चितता भए उमेरको हदबन्दीलाई मानेर जाने बताए।

ग्राहक वर्गमा खुशीको खबर
माछापुच्छ्रे ब्रिक फ्याक्ट्री प्रा.लि.द्वारा उत्पादित गुणस्तरीय, मजबूत, सुन्दर एवं भूकम्प प्रतिरेधात्मक विभिन्न साइज र आकारका इट्टाहरु सर्वत्र बजारमा उपलव्ध छ।
❖मूल्य : रू. ११.५०/- प्रति पिस (करसहित कम्पनी रेटमा)
माछापुच्छ्रे ब्रिक फ्याक्ट्री प्रा.लि.
अधिकृत विक्रेता : श्री विन्ध्यवासिनी व्रिक सप्लायर्स
पोखरा-८, सृजनाचोक, फोन : ०६१-५३४२३०
९८५६०२४६४९, ९८५६०२१३१८, ९८४६०२१३१८
गुणस्तरीय सेवाका लागि सदैव हामीलाई सम्झनुहोस्।

कर्मचारी आवश्यकता
यस सरस्वती पुस्तक पसलका लागि १ जना कर्मचारी आवश्यक परेको हुँदा ईच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला ।
सम्पर्क
सरस्वती पुस्तक पसल
पालिखेचोक, पोखरा, फोन : ०६१-५४०५०१
नोट : बिहान १० देखि साँझ ५ बजेसम्म सम्पर्क गर्नुहोला ।

"युवाको जाँगर, राष्ट्र निर्माणको आधार"
शिक्षा, स्वास्थ्य, खेलकुद तथा पर्यटन प्रवर्द्धनको लागि
७ औं पोखरा महोत्सव-२०७३
पौष २५ देखि माघ १० गतेसम्म
अमरसिंह उ.मा.वि. को विशाल खेल मैदान, पोखरा-१०/१२
महोत्सवका आकर्षणहरू
- राष्ट्रियस्तरका कलाकारहरू द्वारा दोहोरी गीत प्रस्तुती (पशुपति शर्मा, कोमल वली, राम्जी खाँड, राधिका हमाल, प्रिती आले, देवी घर्ती, बद्री पंगेनी, मुना थापा मगर, विष्णु खत्री, प्रजापति पराजुली, पुरुषोत्तम न्यौपाने, चोलेन्द्र पौडेलको साथमा शंकर वि.सी र पार्वती राईको आकर्षक नृत्य प्रस्तुती)
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्याण्डहरुको लाईभ कन्सर्ट (Mantra, Mongolian Heart, Lahure, Prayatna N All Jammers, COD, Gx Soul, The Shadows Nepal, Nabin K. Bhattarai & Attripta, Sugam Pokhrel & The Victory, Tumbleweed INC, Sabin Rai & Pharoah, D-Morcha & Local Bands)
- हास्य-व्यङ्ग्य प्रस्तुती, चमेनागृह, वाल उद्यान
- नेपाली संस्कृति झल्किने नृत्य प्रस्तुती
- पोखरा तारा-३ (गायन प्रतियोगिता)
- हस्तकलाका उत्पादनको प्रदर्शनी एवं विक्री
- कृषि-अटो मेला
- सूचना प्रविधिको प्रदर्शनी एवं जानकारी
- विभिन्न पर्यटकीय स्थानको जानकारी
- औद्योगिक उत्पादनको प्रदर्शनी एवं विक्री
- उत्कृष्ट स्थललाई पुरस्कारको व्यवस्था
- सामाजिक संघसंस्थाको परिचय एवं जानकारी
- पर्यटन प्रवर्द्धनका सामग्रीहरूको प्रदर्शनी एवं जानकारी
- पशु तथा पंक्षी प्रदर्शन
आयोजक: युनाईटेड क्लब पोखरा
मूख्य प्रायोजक: शालिमार सिमेन्ट
प्रवर्द्धक: नेपाल पर्यटन बोर्ड
सहयोगी संस्था: जि.वि.स. कास्की, पो.उ.म.न.पा. कार्यालय, प.क्षे.उ.वा. संघ, अमरसिंह उ.मा.वि., सि.जि. हार्डवयर एण्ड सप्लायर्स
मिडिया पार्टनर: ABC NEWS ABC न्यूज।, फेवा टेलिभिजन, अन्नपूर्ण एफ.एम, समाधान राष्ट्रिय दैनिक
अफिसियल पानी: Springley
अफिसियल इन्स्योरेन्स: नेको इन्सुरेन्स लि. NECO INSURANCE LTD.
प्रायोजक:
- योकोहामा जापानिज ल्याङ्ग्वेज एण्ड ट्रेनिङ कन्सल्टेन्सी, चिप्लेढुङ्गा
- रेडचिप इन्जिनियरिङ्ग प्रा.लि. न्यूरोड, पोखरा
- पानस रेष्टुरेण्ट एण्ड क्याफे पोखरा-६, लेकसाईड (पामे जाने बाटोमा)
- लेकाली चूलो घर, अमरसिंहचोक पोखरा-१०

■ गोरखालीहरू साना कदका हुन्छन् तर उनीहरूमा उदम्य साहस हुन्छ।
- लर्ड नेपियर

## सम्पादकीय ...

# तीनै तहको निर्वाचन अपरिहार्य

सर्वोच्च अदालतको संयुक्त इजलासबाट संविधान संशोधन विधेयक रोक्न अन्तरिम आदेश जारी गर्नु नपर्ने निर्णय गरेपछि संसद्को गतिरोध अन्त्य गरेर अगाडि बढ्ने अवसर प्राप्त भएको छ। सर्वोच्च अदालतको निर्णयपछि प्रमुख विपक्षी नेकपा एमालेले पनि संसद् अवरुद्ध नगर्ने निर्णय गरेको छ। अब संविधान संशोधन विधेयकलाई संसदीय विधि एवं प्रक्रियाअनुरूप टुंगो लगाएर संसदमा विचाराधीन रहेको महाभियोग प्रस्ताव र निर्वाचनसम्बन्धी कानुन निर्माणमा सत्ताधारी र विपक्षी दुवैले ध्यान केन्द्रित गर्नुपर्छ। यसैबीच निर्वाचन आयोगले निर्वाचनसम्बन्धी कानुनका लागि तयार पारेको मसौदा सरकारले संसदमा दर्ता गराउँदा विनापरामर्श हेरफेर गरेको भन्दै आयोगले रोष प्रकट गरेको छ। सरकार र संवैधानिक निकायबीच यस प्रकारको अविश्वास र सन्देह उत्पन्न हुनु सुखद पक्ष होइन। नयाँ संविधानअनुसार आवश्यक देखिएका विभिन्न पाँचवटा विधेयकको मसौदा आयोगले सरकारलाई बुझाएको थियो। आयोगले सरोकारवाला विभिन्न पक्षासँग छलफल गरेर तयार तयार पारेको मसौदालाई सरकारले आफूखुसी र दलगत स्वार्थअनुकूल हुने गरी परिवर्तन गरेर संसदमा पेस गरेकोमा आयोगले असन्तुष्टि प्रकट गरेको बताइएको छ। संवैधानिक निकायलगायत देशभित्रका सबै संघसंस्थाको सम्पर्क र तालुक निकायका रूपमा कुनै न कुनै मन्त्रालय तोकिएको हुन्छ। सरकारका अरू अंग र संसद् तथा मन्त्रिपरिषद्सँगको सम्पर्क त्यस्ता सम्बन्धित मन्त्रालय मार्फत् हुने प्रचलन छ। यसैले निर्वाचन आयोगले पनि सम्पर्क निकाय गृह मन्त्रालयमार्फत् संसदमा प्रस्तुत गर्नका लागि विधेयकको मसौदा पठाएको हो। त्यस मसौदामा गृह मन्त्रालयले हेरफेर गर्नु उचित होइन। निर्वाचनसम्बन्धी विषय प्राविधिक पनि हुन्छन्। यसैले त्यस्ता विशेष विषयहरूमा मूलतः प्रशासनिक र राजनीतिक दक्षता हुने मन्त्रालयले हस्तक्षेप गर्नु उपयुक्त पनि हुँदैन। यस अर्थमा गृह ममन्त्रीहरूले पनि सर्वसत्तावादी महत्त्वाकांक्षा नराख्ने हो भने निर्वाचन आयोगलगायतका संवैधानिक निकायहरूको परामर्शलाई मान्यता दिनुपर्छ। यसैले निर्वाचन आयोगको रोष स्वाभाविक र जायज हो। अब संसदीय समितिले यसलाई सम्बोधन गर्नु उचित हुनेछ। तर, यही बहानामा विधेयक अगाडि बढाउन नरोकियोस्। आउने २०७४ साल माघसम्ममा स्थानीय, प्रादेशिक र संघीय गरी तीनै तहको निर्वाचन हुनु अपरिहार्य जो छ। मन्त्रालयको हस्तक्षेपप्रति निर्वाचन आयोगले रोष प्रकट गर्नु उचित र स्वाभाविक हो। विधेयक संसद्मा प्रस्तुत भएपछि भने त्यो संसद्को सम्पत्ति हुन्छ। मसौदा बनाउने र त्यसको औचित्य पुष्टि गर्ने कार्य सम्बन्धित निकाय र मन्त्रालयले गर्ने अवसर पाउने भए पनि कानुन निर्माण भने संसद्ले चाहेअनुसार हुन्छ। संविधानसँग प्रतिकूल भएमा सर्वोच्च अदालतले व्याख्या गरेर खारेज गर्ने अधिकार हुन्छ तर कानुन निर्माण गर्ने स्वतन्त्रता र अधिकार भने संसद्को हो। संविधान संशोधन विधेयकसँग सम्बन्धित मुद्दामा सर्वोच्च अदालतको संयुक्त इजलासले गरेको फैसलामा पनि यो स्पष्टसँग किटान गरिएको छ। निर्वाचन आयोगले प्रस्तुत गरेको मसौदामा गृह मन्त्रालयले गरेरको हेरफेरबाट ठूलै प्राविधिक र व्यवहारिक त्रुटि भएको छ भने संसद्का विभिन्न चरण र प्रक्रियामा त्यसलाई सजिलै सच्याउन सकिन्छ। यसै पनि ऐन बनाउने संसद्को अधिकारमा कसैले चुनौती दिन सक्दैन। मन्त्रीहरूले पनि सर्वसत्तावादी महत्वाकांक्षा नराख्ने हो भने निर्वाचन आयोगलगायतका संवैधानिक निकायहरूको परामर्शलाई मान्यता दिनुपर्छ। यसैले निर्वाचन आयोगको रोष स्वाभाविक र जायज हो। अब संसदीय समितिले यसलाई सम्बोधन गर्नु उचित हुनेछ। तर, यही बहानामा विधेयक अगाडि बढाउन नरोकियोस्। आउने २०७४ साल माघसम्ममा स्थानीय, प्रादेशिक र संघीय गरी तीनै तहको निर्वाचन हुनु अपरिहार्य छ।

## आजको पञ्चाङ्ग

**मिति २०७३ साल पौष २१ गते बिहीार, तदनुसार जनवरी ५ सन् २०१७, श्रीशाके १९३८, नेपाल संवत् ११३७, सौम्यनामकः संवत्सरः, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन्। हेमन्त ऋतु चलिरहेको छ। चान्द्रमान अनुसार पौषशुक्लपक्ष चलिरहेको छ। सौरमान अनुसार आज पौषशुक्लपक्षको सप्तमी तिथि अहोरात्र रहनेछ। आज सूर्य धनु राशिमा, चन्द्रमा मीन राशिमा अहोरात्र रहनेछ। आज दिनमान २५ घटि ५० पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ५६ मिनेटमा रावण मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर १९ मिनेटमा हुनेछ।**

## आजको राशिफल

**मेष** : शत्रुहरू सक्रिय हुनेछ, धनमल हराउन सक्नेछ, कारात्मक सोचाइले गर्दा आर्थिक नोक्सानी, दिन खराब रहनेछ।

**वृष** : खेलकुदबाट मनोरञ्जन प्राप्त हुनेछ, सकारात्मक सोचाईले गर्दा आर्थिक लाभ, स्वास्थ्य राम्रो रहनेछ।

**मिथुन** : स्वास्थ्यमा खराबी आउन सक्नेछ, पढाई असफल हुन सक्ने, दिनभर नैरास्यता बढ्ने, समय खराब छ।

**कर्कट** : सन्तानको सहयोगले अधुरा कार्य पूरा, उत्साह उमंग थपिनाले दिन अत्यन्तै राम्रो रहनेछ उपयोग गर्नुहोला।

**सिंह** : मनमा उत्साह बढ्नेछ, स्वास्थ्यमा क्रमिक सुधार, वैदेशिक रोजगारको अवसर मिल्नेछ, समय राम्रो छ।

**कन्या** : यात्रामा अवरोध हुन सक्नेछ, पेट रोगले सताउनेछ, स्त्रीवर्गसँग किचलो हुनेछ, गरेको कार्य अर्थहिन हुनेछ।

**तुला** : धार्मिक कार्यतिर समय खर्च, पति-पत्नीबीच वैमन्यश्यता, आम्दानीका श्रोत घट्ने, दिन खर्चालु हुनेछ।

**वृश्चिक** : मनोरञ्जन तिर मन जाने, रमाइलो भ्रमणको अवसर, पारिवारमा खुसीयालीले गर्दा दिन सुखमय हुनेछ।

**धनु** : इष्टमित्रबाट सहयोग गर्नेछन, आफन्तसंग रमाइलो भेटघाट, प्रेम-प्रसँग सुमधुर, यात्रा फलदायी रहनेछ।

**मकर** : टाढाको यात्रामा शारीरिक पीडा, सोचेजस्तो काम गर्न असफल, आफन्तबाट धोका, दिन सामान्य रहेकोछ।

**कुम्भ** : सरकारी काम असफल हुनेछ, पारिवारिक विवाद थपिने, दीर्घ रोगको सुरुवात हुनेछ सतर्क रहनुहोला।

**मीन** : शत्रुमाथि विजय, घरमा नयाँ चहलपहल, धनलाभ हुनेछ, सबै काममा राम्रो सफलता मिल्नेछ, समयको शुभ छ।

**राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९**

# १६ घण्टा लोडसेडिङ गरेको भए ...



जनार्दन शर्मा 'प्रभाकर'

हाम्रो अभियानमा सहयोग गरेकोमा सर्वप्रथम सर्वोच्च अदालतलाई धन्यवाद दिन्छु। हामीलाई काम गर्न बाधाअड्चन आएको थियो, त्यो आज अदालतले फुकाईदिएको छ। हाम्रो प्रयासप्रति यहाँहरुको सहयोग र समर्थनले हामीलाई झन जिम्मेवार बनाएको छ। हामी के बोल्छौं र कति गर्छौं भन्ने प्रश्न उठिराख्ने भएकाले अझ जिम्मेबार बनाएको महसूस गरेको छु। हामीले मुलुकलाई लोडसेडिङ बाट मुक्त गर्नका लागि २४ सै घण्टा प्रयास जारी राखेका छौं। विद्युत प्राधिकरणका हजारौं कर्मचारी यसमा खटिइरहनुभएको छ। यो प्रयासलाई हामी जारी राख्नेछौं। यसले हामीलाई केही समस्या त पारेको छ नै। काम गरे पनि हुने नगरे पनि हुने प्रवृति रहेको अवस्थामा असजिलो बनाएको छ, यो राष्ट्र र जनताको पक्षमा छैन्।

पहिलो व्यवस्थापन मान्छेको गर्नुपर्ने रहेछ। हामीले जनशक्तिको व्यवस्थापन गरेर परिचालन गर्न सके सफलता प्राप्त हुँदोरहेछ। प्रविधि त मान्छेले चलाए चल्ने हो। त्यसैले मान्छेको व्यवस्थापन गरेको हो। म व्यवस्थापनको ज्ञाता हैन तर मान्छेको मनोविज्ञान बुझ्ने भएकाले यतिसम्म भएको छ।

यो बीचमा धेरै प्रयासहरु गरियो। यस विषयमा बाहिर केही नकारात्मक कुरा पनि भएका छन्। पहिला यो नक्कली हो भनियो अहिले भारतबाट ल्याएर लोडसेडिङ हटाएको भन्ने कुरा सुन्न आइरहेको छ। जेसुकै भए पनि कमसेकम हामीले उज्यालो नेपाल अभियान सञ्चालन गरेका छौं। यसमा आम नेपाली जनताको सहयोग र समर्थन छ। अहिले हामीले भारतबाट थपेको जम्मा ४० मेगावाट बिजुली मात्र हो बाँकी विगतकै हो। त्यो थपेको पनि ३ दिन भयो। यसका लागि पनि सरकारी स्तरमा, मन्त्रिस्तरमा र संस्थागत तहबाट धेरै मेहनत र वार्ता गरेर हामीले यो कुरा मिलाएका छौं। हाम्रो मुख्य समस्या पूर्वाधार हो। अहिले पूर्वाधारको अवस्था लथालिंग छन्। एकैचोटी समस्या समाधान गर्न सकिँदोरहेनछ। सुरु गरेको कुरा के हो भने पहिलो सकारात्मक सन्देश दिउँ, मान्छेलाई ध्यानकर्षण गरौं र सकारात्मक रुपमा सोच्ने गराउँ त्यसपछि मात्र सहकार्य गर्न सकिन्छ। सहकार्य गर्नलाई त वातावरण र स्पिरिट मिल्नु पर्यो नि! लोडसेडिङ अन्त्यले अब त्यो वातावरण बनाएको छ। सहकार्य गर्न सबै तयार हुनुहुन्छ। जनतालाई सकारात्मक बनाउन र आशा गर्ने अवस्था बनेको छ, ठुलो पुँजी हो यो। यो पुँजीको परिचालन गर्ने हो अब यसबाट तपाईहरुका समस्या हल हुन्छन्। यो पहिला भयो अरु छुटेछ नभन्नुस। किनकी यो पहिला जरुरी थियो। यो नभइ हुँदै हुँदैन थियो।१६ घण्टा लोडसेडिङ भएको भए तपाईहरुले मेरा कुरा सुन्नुहुन्थ्यो? कालो झण्डा देखाउनुहुन्थ्यो होला। अहिले कमसेकम लोडसेडिङ अन्त्य भएकाले मेरो र कार्यकारी निर्देशकको कुरा सुन्नुभएको छ। समय यता दिए हुन्थ्यो भन्ने तपाईंलाई लागिरहेको छ।

प्रेसलाई चौथो अंग भनेको छ, निजी क्षेत्र राष्ट्रको अर्को मुख्य खम्बा पनि हो। निजी क्षेत्रसँग राज्यले सहकार्यको कुरा गरेको छ, विभिन्न परिभाषामा जस्ले जे भने पनि एउटा महत्वपुर्ण खम्बा तपाईहरु पनि हो।

ऊर्जा क्षेत्रको विकासका लागि तपाईसँग सल्लाह लिन्छौं र सल्लाहकार मानेका छौं। विद्युत प्राधिकरणको सञ्चालकमा निजी क्षेत्रलाई पनि राख्न सकिन्थ्यो, मुद्दामामिलाको झमेलामा तपाईलाई किन हाल्ने भनेर नबनाएको हो। मुद्दा पर्ने निश्चित थियो, यो झमेलामा तपाई किन पर्नुहुन्छ भनेर नबनाएको हो। व्यवसायीलाई मुद्दा लगाएपछि कस्ले सञ्चालन गर्ला भनेर हो। तपाईहरुलाई सल्लाहकार बनाउँला त्यसका लागि उपाय पनि खोजौंला। मुख्य कुरा हामीलाई ऊर्जा चाहिएको छ, बढीभन्दा बढी ऊर्जा उत्पादन गर्नुछ। उत्पादन भएपछि के गर्ने त्यतिबेला सोचौंला। यसको अर्थ भस्मासुर मात्र भनेको हैन् यसको अर्थ पनि छ। तपाईलाई उद्योग खोल्ने योजना ल्याउनु भनेको छ नि त। दिनुस् योजना भनेका छौं। तपाई हजार मेगावाट माग्नुहुन्छ? एक वर्षपछि १ हजार मेगावाट माग्नुहुन्छ भने म अहिले आपूर्तिको प्रतिवद्धता व्यक्त गर्छु। यो झुटा कुरा हैन यसको सम्भावना र उपाय दुवै छ, माग्नुस् न तपाईहरुले, अहिले बत्ति जोड्दे भन्ने कुरा यो नियमति हो यो नमाग्नुस, उद्योगलाई माग्नुस्। इन्भर्टर र व्याट्री ल्याउनेले अब उद्योग ल्याउनुस्, त्यसको क्षतिपूर्ति त्यहाँ हुनेछ।

त्यसले अहिले देशलाई ऊर्जा चाहिएको छ। ऊर्जा मन्त्रालयमा छलफल हुँदा यति बचत भयो भन्नुभयो, यो विषयमा मलाई ज्ञान थिएन्। प्रहरीले पनि शान्ति सुरक्षामा सहयोग पुग्यो भन्यो। अस्ति पोखरामा जाँदा त्यहाँका होटल व्यवसायीले सरदर मासिक ३ लाख रुपैयाँ बचत गरेको बताउनुभयो। लोडसेडिङ नभएपछि कसैको त १५ लाख रुपैयाँसम्म बचेको जानकारी पायौं।

अब १० वर्षमा १० हजार हैन्, किनकी १० हजारको लक्ष्य लिएको १० वर्ष बितिसक्यो, अब यसको क्षतिपूर्ति सहित १० वर्षमा थप २० हजार मेगावाट बिजुली उत्पादनको लक्ष्य हुनुपर्छ। यसैका लागि विद्युत् उत्पादन गर्न विद्युत उत्पादन कम्पनी, प्रसारणलाइन विकास गर्न ग्रीड कम्पनी, सम्भाव्यता अध्ययन गर्न इन्जिनियरिङ कम्पनी र व्यापार गर्न विद्युत व्यापार कम्पनी स्थापना गरिसकेका छौं। यसले नेतृत्व गर्दै अघि बढ्छ। यस्तै निजी क्षेत्रले उठाएका कुरालाई हामी लागिरहेका छौं। यहाँले माग पुरा भएन भन्नुभएको छ, अब दुई दिनपछि पुरा गर्दैछु। तयारी सबै भइसक्यो। अहिलेसम्म जलासय र अर्धजलासयको विद्युत खरिदबिक्री दर थिएन् यो तयार भइसकेको छ। डलर पीपीए गर्दा हंगामा हुन्छ, डलर पीपीए गर्यो भनेर पत्रकार साथीहरुले लेखेको लेख्यै गर्नुहुन्छ। तपाईले ऊर्जामा लगानी गर्दा कम ब्याज हुनुपर्छ भनेर पत्राचार गरेको छु। यस विषयमा बैठक बोलाउन अर्थलाई मैले भनेको छु। ऊर्जालाई ५ प्रतिशत ब्याजमा कर्जा दिनुपर्‍यो त्यसपछि फाइदा हुन्छ।

अर्को रह्यो टेक एन्ड पे, के मानसिकताले यस्तो गरियो? यसमा मैले दुईटा मानसिकता भेटे विद्युत बढी भयो भने कहाँ बेच्ने? त्यो कुरा हाम्रा विज्ञले जानेका छैनन्। उनीहरुले नजानेपछि ऊर्जा मन्त्रालयले यो कुरा बुझ्दैन, विद्युत प्राधिकरणले बुझ्दैन भने जनतालाई बुझाउन सकिन्छ? पुगिसक्यो नि ३ हजार मेगावाट अब कहाँबाट पीपीए गर्नुहुन्छ? यो मात्र हैन मैले अर्को कुरा पनि सुने, विद्युत लाइसेन्स सकिए रे विद्युत विकास विभागको कामै छैन भनेर एकजनाले भने मलाई। चिन्ता त्यहाँ छ, त्यसकारण २, ४ वटा लाइसेन्स लुकाएर राख्ने रे, चिन्ता त यहाँ छ। हाम्रो नीति कर्मचारीतन्त्रको सोचाईलाई बदल्नु त पर्‍यो। विद्युत उत्पादन गर्नुहुन्न भनेर हैन ३ हजार मेगावाटको सिलिङ राखेको? यसलाई अब खोलेर ८ हजार पुर्‍याइदिने हो। यसलाई निर्णय गर्दा समय लाग्ने भयो। आएकै दिन गर्न सम्भव भएन्। कर्मचारीतन्त्र सँग काम गर्न कहाँ सजिलो छ र?तपाईहरुले उद्योग चलाएको जस्तो सजिलो कहाँ छ र? सिठी बजाएपछि मजदुर आइहाल्छ, कहिलेकाहीं हड्ताल गरेर सताउने हो तपाईलाई। अरु बाँकी त सजिलो छ नि। कर्मचारीतन्त्र उद्योग चलाएको जस्तो हैन् यहाँ गाह्रो कुरा छ। फेरि नेपालका मन्त्री भनेका कति हुन्छन् भनेर महिना गनेर बसेका हुन्छन् कर्मचारी। अन्तिम दिनसम्म तिनीहरुलाई सही गराउन तयार छु म फेरि। कर्मचारीमा राष्टप्रति उत्तरदायी भएर गरौं भन्ने नै छैन। टेक एन्ड पे हटाउनलाई हाम्रो माग कति हो, त्यसलाई पुष्टि गरेर माग पनि सार्वजनिक गर्ने गरी सबै तयारी पूरा भएको छ। सप्लाई साइड म्यानेजमेन्ट सँगै अघि बढेको छ।

स्वीच थिच्दा झयाप्प बत्ति बलेको देखिन्छ, तर त्यो देख्न पाएको छैन्। लोकप्रियताका लागि गर्ने भए अन्य कुरा पनि गर्थें होला। प्रभाकरले श्रेय लिनलाई यो गरेको भन्ने कुरा आएको छ, मलाई श्रेय चाहिएको छैन्। इख गर्ने साथीले बत्ति बाल्दिए पुग्छ भनेको छु मैले। तामाकोसी सञ्चालनमा आएपछि बढी भएको बिजुली कहाँ फाल्ने भन्ने कुरा आएको छ, त्यो चिन्ता गर्नुपर्दैन त्यत्तिबेला भए तपाईहरु नभए कोही न कोही उद्योग खोल्न आउँछ, त्यसलाई दिन्छौं विद्युत।

अब त हामीले पूर्वाधार बनाउनु छ, यसका लागि हामीले ग्रीड कम्पनी बनाएका छौं। यसमा प्रमुख कार्यकारी अधिकृत पनि नियुक्त भइसक्यो। ४ सय र ७६५ केभी प्रसारणलाइन बनाउँदै छौं। म सिन्धुलीबाट आउँदै गर्दा एउटा टावर बनाउने ठाउँमा राती ९ बजे पुगेको थिएँ, १ वर्ष अघि सकेर इज्जत राखिदेउन भनेर भन्दा उसले सक्छु भन्यो।

मन्त्री राती जंगल पस्यो भनेर भारतीय ठेकेदार डरायो कि क्यो हो? खिम्ती ढल्केबरको प्रसारणलाइन बनाउन १८ वर्ष लाग्ने भयो यस्तो छ नी हाम्रो देशको अवस्था। घिसिङजी रातिराति फिडरमा नघुमेको भए सिंगो प्राधिकरण पछि लाग्ने थिएन्। म दौडेर ढल्केबरमा सबस्टेशन बनाउन दवाव दिन नगएको भए हुने थिएन्। हामी आफैं पनि खटिरहेका छौं। यसले सबैलाई खट्न बाध्य पारेको छ।

प्रविधि पनि नयाँ आइसकेको छ। कन्डक्टर भन्ने चिज हिजो र आज फरक पर्‍यो की त्यो तपाईलाई थाहा होला। पुरानो कण्डक्टरमा बिजुली पेलेको पेल्यै छ। स्मार्ट ग्रीड कसरी लागु गर्ने भन्ने सोचिरहेका छौं। तपाइहरु अर्थमा धर्ना बस्न जानुपर्दैन त्यो हाम्रो ढिकुटी हो हामी खोलेर ल्याउँछौ। तपाइँहरु उद्योग नै चलाउनुहोला। सोलार प्रविधि पनि अघि बढाउँदै छौं। सोलार राख्ने धेरै ठाउँ छन् त्यहाँ पनि राख्ने हो। वायु पनि ३ हजार मेगावाटको सम्भावना रहेछ। यसलाई पनि अघि बढाउनपर्छ। यस्तै चिनी उद्योगबाट पनि ऊर्जा लिन काम अघि बढेको छ।

नेपालमा उद्योग कसरी आउँछ भन्ने कुराको गम्भीर गृहकार्य गर्नुस्, हामी विद्युत हामी जसरी पनि दिउँला, किन्ने वस्तु भएकाले १ रुपैयाँ नाफा खाएर पनि दिउँला। तर हामी किनेर हैन आफै बनाएर बेच्ने अवस्थामा जाँदैछौं। ३ हजार मेगावाटको पीपीए भइसकेको छ त्यसलाई अघि बढाए हामी आफैं उत्पादन गरेर दिने अवस्थामा पुग्नेछौं। वर्षामा पर्याप्त बिजुली हुन्छ। जलासय र अर्धजलासयको काम अघि बढाएका छौं, यसले वर्षैभरी सन्तुलन कायम गर्न सक्छ।

औद्योगिकिकरण मात्र भनेर हुँदो रहेनछ। तपाईले त्यहाँ नाफा देख्नुभएन भने विद्युत दिएर मात्र हुँदैन्। नाफा देख्न सक्नुपर्‍यो। सस्तो श्रम यहीँ छ, वरिपरी ठुलो बजार छ। ठुला उद्योग ल्याउन सोँच्नुस र विद्युतको माग आजै गर्नुस्। हामीले प्रसारणलाइन बनाउनुपर्नेछ। औद्योगिक करिडोर र फिडरको माग भइरहेको छ।

यो योजना अघि बढाउँदैछौ। विराटनगर भैरहवामा यो माग भइसकेको छ।

अब विगतमा के समस्या थिए भन्ने कुरा आएको छ, यो धेरै पटक सार्वजनिक भइसक्यो। जनताले उनीहरुले गरेको कामप्रति औला उठाए, जनताले वदमास रहेछ भनिरहेका छन् यो भन्दा बढी उनीहरुलाई दण्ड अरु के दिने? तोक लगाएको कागज देखाएँ भने यहीँ मर्का पर्ला अहिले त्यसो गर्न हामीलाई गाह्रो पर्छ।

महिना महिनामा तोक लगाएको महिना महिनामा त्यो बुझाएको कुरा हामीसँग छन्। महिना महिनामा बिजुली किन बाँडिन्छ भन्ने कुरा पुष्टि गर्छ नि! त्यतातिर धेरै जानु जरुरी छैन्। तर कुरा यति हो की लोडसेडिङको तालिकाभित्र केही थियो। त्यो तालिका दिँदा आनन्दले अरु कुरा हुन्थ्यो। त्यहाँ काम गर्नेलाई दोष दिन्न, मैले कुलमानजीलाई अहिले यही कुरा आदेश गरेँ भने उहाँलाई धेरै गाह्रो हुन्छ, उहाँले नाइँ भन्नु हुन्न किनकी हाम्रो संस्कार नै त्यस्तो छ, नाइँ भन्ने वित्तिकै म हटाउन सुरु गरिहाल्छु।

अनि के गर्ने संकट पर्छ। समस्या थियो त्यसलाई उजागर गरियो, हामीले यति बुझे पुग्छ कतिपय कुरा धेरै बुझ्नु हुन्न के। ठिक्क बुझ्दा राम्रो हुन्छ।

कर्णाली चिसापानी आयोजनाको विषयमा मैले अस्ती हिसाव गरेँ, एउटा नेपालीको घरबाट १ लाख उठाउँदा ६ खर्ब उठ्दो रहेछ। सक्नेले धेरै हाल्न सक्छन्। ६ खर्ब रुपैयाँ भएपछि स्वपुँजी पुग्यो। आज मन्त्रालयमा धेरै चिठी आएका छन्। ०.०५ प्रतिशत व्याजमा आयोजनामा लगानी गर्छौं भन्ने। लगानी गर्न खोजिरहेका छन्। हामी पनि सक्ने देखिएको छ। अर्कोकुरा जलासययुक्त आयोजनाबाट तल्लोतटीय लाभ लिने कुरा छ यसका लागि मैले छलफल थालेको छु। मैले बंगलादेशमा पनि भनेँ, तपाईको पानी बढ्छ हामीलाई पैसा दिनुपर्छ भन्दा उहाँ हास्नुभयो, त्यस्तै अन्त हास्दैनन्, त्यही भन्दा रिसाउँछन्। यो हाम्रो अधिकार हो, यो पाइन्छ।

त्यो पाइँदैन भनेर हामीले बुढीगण्डकी आयोजनाको काम रोक्नुहुन्न्। कर्णाली चिसापानी बनाउने हैसियत हामी राख्छौं भने आउनुस् हामी मिलेर बनाऔं। निजी क्षेत्रबाट नेतृत्व नेपाल उद्योग वाणिज्य महासंघले गरोस र सरकारका तर्फबाट हामी गर्छौं। हामीले गर्न धेरै बाँकी छ। पश्चिमसेती त्यसै अड्केको छ, मैले मान्छे बोलाएको छु उ आइरहेको छैन्। अल्झाएर सबै आयोजना राखिएको छ। अब आयोजना अल्झाउन नदिने योजना छ। प्राधिकरणले अहिले अरुण, तमोर, दूधकोसी, उत्तरगंगा कम्पनीमा जाँदैछ। यसैमा विवाद हो। छुटटै कम्पनी खोल्न नदिएर हटाएपछि उनीहरुले मुद्दा दायर गरेका हुन्। उत्पादन कम्पनी गठन भएको छ, ठुला आयोजना त्यसले अघि बढाउँछ।

दुःखको कुरा हामीले तपाईलाई ४ घण्टा बिजुली दिन सकेका छैनौ, त्यो ४ घण्टा पनि बिजुली दिने हाम्रो तयारी छ। मौका परे बिहान अलि घटाउनुस् भनेको छु, त्यो तपाईलाई दिन भनेको हो।

२ महिना होला तपाइले सहयोग गर्नुपर्ने हामीले तपाइँबाट लिने सहयोग प्रष्टसँग भनिदिउँला। बिहानको समयमा अप्ठेरो परे तपाईलाई अनुरोध गर्नेछौं। सकेसम्म नपर्ला, परेमा सहयोग गर्नुहोला। सिस्टमले नदिँदा समस्या परेको छ। हामीले घोषणा नगर्दासम्म बत्ति आए पनि जनताले नमान्दा रहेछन्। बत्ति आइरहेको ठाउँमा पनि लोडसेडिङ अन्त्यको घोषणा गर्नुपर्‍यो भन्ने माग आएको छ। अस्ती गोरखामा जाँदा यस्तै माग आयो लोडसेडिङमुक्त भयो भनेँ सबैले तालि पड्काए। पोखरामा अन्त्य भयो भन्नुपर्‍यो भने मैले भनिदिएँ सबैले तालि पड्काए। अन्त्य त भइसक्यो। तर जनताले मान्दैनन्। राजनीतिक लोडसेडिङ अहिले पनि भइरहेको छ। यत्रो त्याग र बलिदान गरेर आएका छौं। यहाँ व्यवस्थापनको समस्या छ। मुख्य कुरा सत्तामा छ, प्रधानमन्त्री को हुने हो भन्ने हो। यसले नै धेरै समस्या आइरहेको छ।

*(उर्जामन्त्री शर्माले मंगलबार काठमाडौंमा उद्योगी व्यवसायीलाई गरेको सम्बोधनको सम्पादित अंश )*

# मिसेस गण्डकी नेपालको तालिम जारी

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २० पुस।**

विवाहित महिलाहरुलाई मञ्च प्रदान गर्न र उनीहरुका अन्तरनीहित प्रतिभा प्रष्फुटन गर्न आयोजना गरिएको 'मिसेस गण्डकी नेपाल' को तालिम जारी छ। गोस्पेल मल्टिमिडिया प्रालिको आयोजनामा भइरहेको प्रतियोगितामा १५ जना प्रतिस्पर्धीले विभिन्न तालिमद्वारा आफूलाई निखारिरहेका छन्।

प्रतियोगितामा सरकारी जागिर, नर्स, व्यवसायी देखि बैकिङ् क्षेत्रमा सहभागीसम्मले भाग लिएको गोस्पेल मल्टिमिडिया प्रालिका अध्यक्ष निरु पुनले जानकारी दिइन्। प्रतियोगितामा राजेश्वरी खत्री, विद्या श्रेष्ठ, बविना बरुवाल क्षेत्री, शोभा खड्का, जुना थापा, सिता गुरुङ, सरिता बरुवाल, पुष्पा गुरुङ, भावना महत, निलिम हिराचन श्रेष्ठ, विन्द्रा पौडेल, विष्णु श्रेष्ठ केसी र ज्ञानु तिवारीले तालिम लिइरहेका छन्।

उनीहरुले प्रतियोगितामा सहभागीता जनाएपछि बोल्ने कला, वाकिङ कला मात्र नभइ मेकअसम्म सिकेको र आत्मविश्वास बढेका बताए। मिस नेपाल-२००० कि बिजेता उसा खड्गीले प्रतियोगिताको कोरियाग्राफी गरिरहेकी छिन् भने अहिलेसम्म प्रतियोगिले विभिन्न व्यक्तिबाट तालिम लिइसकेको प्रालिका उपाध्यक्ष प्रतिक ठकुरीले बताए।

प्रतियोगिताको टाइटल बिजेताले स्कुटर, क्राउन, प्रमाणपत्र र अन्य गिफ्ट ह्याम्पर पुरस्कार पाउनेछिन्। म्यानेजिङ डाइरेक्टर बिशाल गुरुङका अनुसार फस्ट रनरअपले ३० हजार रुपैंयाँ, क्राउन, प्रमाणपत्र र अन्य गिफ्ट ह्याम्पर पुरस्कार पाउनेछिन् भने सेकेन्ड रनरअपले २० हजार रुपैंया, क्राउन, प्रमाणपत्र र अन्य गिफ्ट ह्याम्पर पुरस्कार पाउनेछिन्।

यस्तै प्रतियोगितामा मोस्ट ट्यालेन्ट, पर्सनालिटी, बेस्ट स्किन, बेस्ट हेयर, बेस्ट स्माइल, फोटोजेनिक, पपुलर विधामा पनि पुरस्कार दिइने प्रालिका अध्यक्ष निरु पुनले बताइन्।


**रेष्टुरेन्ट विक्रीमा**

**पोखराको चिप्लेढुङ्गा स्थित पोखरा ट्रेडमलको ठीक अगाडि, आरके विल्डिङमा चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारण वश विक्रीमा छ।**

**सम्पर्क :९८०५८७३१९१**



**सेक्युरिटी गार्डमा वैदेशिक रोजगारमा जानको लागि तालिमको सुवर्ण अवसर**

**Abudhadi को Spark middle Cast Star Skill Force, UAE को DPS, कतारको Group-4, बहराईन, मकाउ लगायतका देशहरुमा सेक्युरिटी गार्डमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रियस्तरको Diplomatic सेक्युरिटी गार्ड तालिम, अग्रेजी भाषा र अन्तरवार्ताको तयारी कक्षाहरु सञ्चालन भइरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गरि आफ्नो सुनौलो भविष्यको सुनिश्चित गर्नुहोला।**

**हाम्रो विशेषताहरू :**
- ❖१००% उत्तीर्ण गराउन सफल।
- ❖छोटो समयमा नै ख्याती प्राप्त गुणस्तरीय तालिम।
- ❖DPS र PSBD का Objective Questions Answer को प्राक्टिकल र मोडल Questions Answer को अध्ययन गराइने।

सम्पर्क
**आर्मोर ग्रुप सेक्यूरिटी सर्भिस एण्ड सप्लायर्स प्रा.लि**

**पृथ्वीचोकबाट १०० मि. तल एयरपोर्ट जाने बाटोमा**
(मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा इलेक्ट्रोनिक्स भवन -तल्लो तलामा)
फोन नं. ०६१-५३०७२४, मो.९८४६३५५३४२,९८०६७०८२४६

# पोखरा घुम्न आउनेले छुटाउनै नहुने ठाउँहरु कुन–कुन हुन् ?

**पोखरा २० पुस ।**

नेपालकै सर्वाधिक लोकप्रिय पर्यटकीय गन्तव्य हो पोखरा । प्राकृतिक सुन्दरताले भरिपूर्ण पोखराले स्वदेशी र विदेशी पर्यटकलाई बराबरी लोभ्याउँछ । अरु बेला विदेशी पर्यटकहरुको व्यापक चहल-पहल हुने पोखरामा नेपाली नयाँ वर्षमा भने स्वदेशी पर्यटक भरिभराउ हुन्छन्। भूकम्प र नाकाबन्दीले सुस्ताएको पोखराको पर्यटन नयाँ वषसंगै फेरि बौरिन थालेको छ । आन्तरिक पर्यटकको आगमनसँगै पर्यटन व्यावसायीहरु उत्साहित बनेका छन् । के तपाईं पनि नयाँ वर्षमा पोखरा घुम्न आउँदै हुनुहुन्छ ? यदि पहिलोपटक आउँदै हुनुहुन्छ भने पोखरामा घुम्नैपर्ने ठाउँको बारेमा जानकारी नहुन सक्छ । हामीले पोखरामा आएर घुम्न छुटाउनै नहुने केही ठाउँहरुको बारेमा जानकारी गराउने प्रयास गरेका छौं :

**फेवाताल र बाराही मन्दिर**

पोखराको पहिलो आकर्षण भनेकै फेवाताल हो । पोखरा घुम्न आउने कोही पनि फेवातालमा बोटिङको मज्जा लिन छुटाउदैनन् । फेवातालको बीचमा रहेको तालबाराही मन्दिरले आकर्षण थपेको छ । डुंगा चढेर मन्दिरमा पुग्नु र पूजा गरेर फेरि डुंगामै फर्किनु आन्तरिक पर्यटकका लागि नियमित प्रक्रिया नै हो ।

डुङ्गा भाडामा लिएर दिनभरि बोटिङ गर्ने युवा जोडी प्रशस्तै हुन्छन् । फेवातालमा माछापुच्छ्रे हिमालको छायाँ देखिन्छ । जुन अत्यन्तै मनमोहक हुने गर्छ । फेवातालमा बोटिङ मात्र नभई फिसिङसमेत गर्न पाइन्छ । फेवातालको किनारमा रहेको लेकसाइड बजार आफैमा आकर्षक छ । पोखरा पुग्ने पर्यटक लेकसाइडमै बस्न रुचाउँछन् । पश्चिमी गन्तव्यको आभाष गराउने लेकसाइड रातमा झिलिमिली देखिन्छ । पोखराका अधिकांश होटल तथा लजहरु यहीँ छन् ।

**डेभिड फल्स (पातले छाँगो)**

पोखराको अर्को आकर्षण हो- डेभिड फल्स । फेवातालको पानी डेभिड फल्सको गल्छीबाट गुप्तेश्वर गुफा हुँदै सेती नदीतर्फ हानिन्छ । वर्षामा ठूलो पानीको भेल गल्छिभित्र पस्दा देखिने पानीको फोहोरा र त्यहाँबाट निस्कने बाफ साँच्चिकै लोभलाग्दो हुन्छ ।

**गुप्तेश्वर गुफा**

छोरेपाटनमा रहेको गुप्तेश्वर गुफा खाल्डोमा रहेको छ । यहाँ गुप्तेश्वर महादेवको दर्शन गर्न र गुफाभित्र रमाउन सकिन्छ । गुफामा रहेको मन्दिरबाट अझै अगाडि बढे डभिड फल्सको पानी देख्न सकिन्छ । एक किलोमिटरभन्दा लामो रहेको गुप्तेश्वर गुफा पुरै अवलोकन गर्नका लागि यो उपयुक्त समय हो ।

**सेतो गुम्बा**

फेवाताल माथिको डाँडामा अवस्थित सेतो गुम्बा पनि स्वदेशी विदेशीको आकर्षणको केन्द्र मानिन्छ । पोखरा जानेहरु एकपटक उक्त गुम्बामा पुग्न छुटाउँदैनन् । यहाँबाट पोखराको सुन्दर दृश्य, फेवाताल, हिमाल, सराङकोटको डाँडा लगायतका सुन्दर दृश्यहरु देखिने हुँदा निकै रमाइलो हुन्छ ।

**विन्ध्यवासिनी मन्दिर**

पोखरामा रहेको विन्ध्यवासिनी मन्दिर नेपालकै चर्चित मन्दिरमा पर्छ । यो मन्दिर दर्शन गरेर सराङकोटतिर जान पायक पर्छ । विन्ध्यवासिनी मन्दिरमा भक्तजनको ठूलो भिड लाग्ने गर्छ । अग्लो स्थानमा रहेको मन्दिरबाट पोखराको शहर सुन्दर देखिन्छ । विन्ध्यवासिनी मन्दिर आफैमा पनि सुन्दर र सफा रहेको छ ।

**सराङकोट**

सराङकोट पोखराबाट उत्तर-पश्चिममा रहेको अग्लो डाँडा हो । पोखरा पुगेपछि सराङकोट पुग्नैपर्ने ठाउँ हो । यहाँबाट पोखरा र लेखनाथ शहर सिंगै देख्न सकिन्छ । साथै, आँखै अगाडि माछापुच्छे, अन्नपूर्ण, धौलागिरी लगायतका हिमश्रृंखलाहरु हेर्न पाइन्छ । सराङ्कोटबाट पोखरा आसपासमा रहेको मनमोहक हरियाली वन देखिन्छ । प्याराग्लाइडिङ र जीप फ्लाई समेत सराङकोटबाट नै हुने गर्छ । यहाँ दैनिक हजारौं स्वदेशी तथा विदेशी पर्यटक पुग्ने गर्छन् । पछिल्लो समय सराङकोट पोखराको मुख्य पर्यटकीय गन्तव्य बनेको छ ।

**बेगनास र रुपाताल**

लेखनाथ नगरपालिकामा रहेका बेगनास र रुपाताल पनि पोखराको प्रमुख गन्तव्यमा पर्छन् । तालको मिठो माछा खानका लागि बेगनास निकै चर्चित मानिन्छ । डाँडावारी बेगनास र डाँडापरी रुपाताल रहेको छ । बेगनास तालमा पनि डुंगा चढेर रमाइलो गर्न पाइन्छ । पोखराबाट अलि टाढा भएपनि बेगनास ताल अवलोकनका लागि छुटाउँनै नहुने ठाउँमा पर्छ । शहरी कोलाहलबाट अलि टाढा भएकोले यहाँ पुग्दा आत्मशान्ति मिल्छ । पोखराबाट बेगनासतालमा सार्वजनिक गाडी प्रशस्तै चल्छन् ।

**महेन्द्र गुफा**

यो पोखराको निकै चर्चित ठाउँ हो । महेन्द्र गुफा नजिकै अर्को चमेरी गुफासमेत रहेको छ । महेन्द्र गुफा पुगेपछि चमेरी गुफा पनि अवलोकन गरेर फर्किन सकिन्छ । घना जंगलको छेउमा अवस्थित चमेरी र महेन्द्र गुफा पुग्दा रोमाञ्चकारी अनुभव हुन्छ । गुफाभित्र प्रवेश गर्दा कोही-कोही अत्तालिन्छन् पनि । पोखरा पुग्नेहरुले महेन्द्र गुफा र चमेरी गुफाको अवलोकन गर्न भुल्नु हुँदैन ।

**सेती खोँच**

करिब २ मिटर गहिराईबाट बगेको सेती नदी पोखराको अर्को आकर्षण हो । सेती नदीले धेरै पर्यटकको ध्यान खिच्ने गर्छ । साँघुरो र गहिरो खोँचबाट बगेको हुँदा हिउँदमा पानी देख्न मुस्किल पर्छ । वर्षायाममा भने पानी माथि आउने हुँदा सहजै देख्न पाइन्छ । पोखराको बीचबाट बगिरहेको सेती नदी एकपटक अवलोकन गर्नैपर्ने ठाउँ हो । सेती नदी पुलबाट मात्र हेर्न सकिन्छ । रामघाटमा भने ठूलो बगर भएको हुँदा बाहिरबाटै स्पष्ट रुपमा सेती नदी हेर्न सकिन्छ ।

**माटेपानी गुम्वा**

पोखरामा घुम्नका लागि छुटाउनै नहुने ठाउँ हो, माटेपानी गुम्वा । पोखरा क्षेत्रीय हस्पिटलदेखि पूर्वी साइटमा पर्ने माटेपानी गुम्बा निकै आकर्षक रहेको छ । अग्लो ठाउँमा रहेको हुँदा यहाँबाट पनि पोखराको शुन्दर दृश्यावलोकन गर्न सकिन्छ । यो गुम्बाबाट लेखनाथ र निर्माणाधिन अन्तर्राष्ट्रिय विमानस्थल समेत आकर्षक देखिन्छ ।

**पृथ्वीनारायण क्याम्पस**

मुलुकमै सबैभन्दा बढी विद्यार्थी पढ्ने क्याम्पसकारुपमा परिचित छ, पृथ्वीनारायण क्याम्पस । ठूलो क्षेत्रफलमा फैलिएको क्याम्पसबाट सेती नदी बाहिरै बगेको देख्न पाइन्छ। यसको अलवा यहाँबाट मणिपाल हस्पिटल समेत देखिन्छ । यहाँ आकर्षक म्यूजियम समेत रहेको छ । आकर्षक विल्डिङहरु रहेको यो क्याम्पसमा विदेशी पर्यटकसमेत पुग्ने गर्छन् । नेपालको राजनीतिक परिवर्तनमा यो क्याम्पसका विद्यार्थीहरुले ठूलो भूमिका खेल्दै आएको हुँदा यसको ऐतिहासिक चिनारीसमेत बनिसकेको छ ।

**प्याराग्लाइडिङ**

चराजस्तै आकाशमा उड्न कसको मन हुँदैन र ? प्याराग्लाइडिङमा उडेर मज्जा लिनका लागि ठूलो संख्यामा स्वदेशी-विदेशी पोखरा आउँछन् । पछिल्लो समय प्याराग्लाइडिङ पोखराको मूख्य आकर्षण बनिरहेको छ । पोखरा घुम्न जाने जो कोहिले प्याराग्लाइडिङ गर्न छुटाउनु हुँदैन । साहसिक खेलका रुपमा रहेको प्याराग्लाइडिङमा उड्दै पोखरा, हिमाल र आसपासको क्षेत्र हेर्नुको मज्जा बेग्लै हुन्छ । सराङकोटबाट उड्ने प्याराग्लाइडिङ फेवातालको किनारामा ल्यान्डिङ हुन्छ ।

**अल्ट्रालाइट फ्लाइट**

पोखराको अर्को आकर्षण हो, अल्ट्रालाइट फ्लाइट । अल्ट्रालाइटमा उडेर पोखरा शहर तथा हिमश्रृंखला हेर्न पाइन्छ । खानपिनमा रकम कटौती गरेर भएपनि अल्ट्रालाइटमा उडेर प्राकृतिक सुन्दरताको मज्जा लिनुपर्छ ।

**बञ्जीजम्प**

साहसिक पर्यटनमा रुची राख्नेहरुका लागि बञ्जीजम्म जस्तो रोमाञ्चकारी अरु के होला ? पोखराको हेम्जामा टावरसहितको बञ्जीजम्म सञ्चालनमा आइसकेको छ । तुलनात्मक रुपमा भोटेकोशीको बञ्जीजम्प भन्दा आधा होचो भएपनि यहाँबाट फाल हाल्दा पनि बेग्लै मज्जा महसूस हुन्छ । पोखरा पुग्ने धेरै पर्यटक बञ्जी गरेर फर्किने गर्छन् ।

**जीप फ्लाई**

सराङकोटबाट हेम्जासम्म जीप फ्लाई गराइन्छ । एक पटकमा दुईजनाले गर्न सकिने जीप फ्लाई युवायुवती र नयाँ जोडीका लागि आकर्षण बनेको छ। जीप फ्लाई पोखराको महत्वपूर्ण पर्यटकीय प्रोडक्ट बनिसकेको छ । साहसिक खेलमा पर्ने जीप फ्लाई गर्दा थ्रिल महशुस हुन्छ । जीप फ्लाई गर्दा हेम्जाको सुन्दर गाउँ, आसपासको घना जङ्गल र हिमश्रृंखला अवलोकन गर्दै सराङ्कोटबाट हेम्जा झर्न पाइन्छ ।

**पामे (फेवाताल किनार)**

फेवातालको पश्चिम किनारमा रहेको पामे पोखरा पुग्ने पर्यटकले पुग्नैपर्ने ठाउँ हो । यहाँ सराङकोट बाट उडेको प्याराग्लाइडिङ ओर्लने गर्छन् । फेवातालको किनारै किनार पुगिने पामेमा राम्रो होटल तथा लजहरु सञ्चालनमा आइसकेका छन् । फेवातालका गतिविधिहरु अवलोकन गर्दै माछाको स्वाद चाख्नका लागि पामे प्रख्यात रहेको छ । यहाँबाट फेवाताल ठूलो देखिन्छ । यहाँ स्वदेशी विदेशी पर्यटकको भिड लागेको देखिन्छ ।

**अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय**

पोखरा पुगेपछि हेर्नेपर्ने अर्को ठाउँ हो, अन्तर्राष्ट्रिय प्रर्वतीय संग्रहालय । यहाँ पर्वतीय पर्यटनसँग जोडिएका कला, संस्कृति, भेषभूषा र वस्तुहरु प्रदर्शनीमा राखिएको छ । यसको अलवा पोखरामा थुप्रै घुम्न जाने ठाउँहरु रहेका छन् । माटेपानी गुम्वा, अन्य तालहरु, पामे लगायतका ठाउँमा पुगेर पनि मज्जा लिन सकिन्छ । पोखरा माथिल्लो मुस्ताङ, मुक्तिनाथ, पुनहिल, अन्नपूर्ण वेस क्याम्प, गुरुङहरुको सुन्दर वस्ती रहेको घान्द्रुक लगायतका विभिन्न स्थानमा ट्रेकिङका लागि प्रवेशद्वार समेत हो ।

**स्रोत : समाचारपाटी डटकम**

# राष्ट्रिय एकता दिवस मनाइने

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २० पुस ।**

राष्ट्रिय प्रजातन्त्र पार्टी कास्कीले नेपाल एकीकरणका पिता पृथ्वीनारायण शाहको २९५औं जयन्ती र राष्ट्रिय एकता दिवस भव्य र सभ्य रुपमा मनाउने निर्णय गरेको छ । बुधबार पार्टी कार्यालय नयाँबजारमा बसेको बैठकले सो निर्णय गरेको छ ।

बैठकले पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवस मनाउनको लागि कास्कीमा जिल्ला अध्यक्ष जयलाल पुनको संयोजकत्वमा ५ सय १ मूल आयोजक समिति तथा उपसमिति गठन गर्ने निर्णय समेत गरेको छ । जस अन्तर्गत झाँकी उपसमितिको संयोजकमा सहअध्यक्ष नारायण गुरुङ्ग, प्रचारप्रसार उपसमिति संयोजकमा जिल्ला उपाध्यक्ष अर्जुन बहादुर बस्नेत, बाजागाजा उपसमिति संयोजकमा रमेश त्रिपाठी रहेका छन्।

कार्यक्रम अन्तर्गत पुस २७ गते बिहान ११ बजे चिप्लेढुङ्गामा भेला भई बाजागाजा सहित बजार परिक्रमा गरी पृथ्वीचोकमा पुगी सभामा परिणत हुने र सभालाई केन्द्रीय नेताहरुले सम्वोधन गर्ने कार्यक्रम रहेको कास्की जिल्ला प्रवक्ता तथा मिडिया नेपालका केन्द्रीय उपाध्यक्ष सूर्य बाँस्तोलाले जानकारी दिए ।

कार्यक्रमलाई भव्य तथा सभ्य रुपमा सम्पन्न गर्न सम्पूर्ण पोखरेली आमसमुदाय, विभिन्न संघसंस्था, नागरिक समाज, बुद्धिजीवि, पत्रकार, विभिन्न पेशामा आवद्ध सबैलाई आग्रह समेत गरेको छ ।

बैठकले कास्की अध्यक्ष जयलाल पुनका पिता नन्दप्रसाद पुन मगरको निधनप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्त परिवारजनप्रति समवेदना प्रकट गरेको छ ।

राप्रपा कास्कीका का.वा.अध्यक्ष नरहरि तिमिल्सिनाको अध्यक्षतामा सम्पन्न बैठकको संचालन सचिव गणेश बहादुर ढकालले गरेका थिए ।

# अचार बनाउने तालिम सम्पन्न



**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २० पुस ।**

सिद्धार्थ टोल विकास संस्था पोखरा-४ ले संस्थाका सदस्यहरुका लागि अचार बनाउने तालिम सम्पन्न गरेको छ । बुधबार आयोजित तालिममा संस्थाका करिब ६५ जना सहभागी थिए । तालिममा मिथिला मल्लले विभिन्न प्रकारका अचार बनाउने प्रशिक्षण दिएकी थिइन ।

संस्थाका अध्यक्ष गोमा कोइराला सुवेदीले संस्थाका सदस्यहरुलाई आयमूलक र सिपमूलक तालिम तथा व्यवहारिक ज्ञान दिनका लागि यस पटक अचार बनाउने तालिम आयोजना गरिएको बताइन । उनले संस्थाले विभिन्न रचनात्मक र सामाजिक कामहरु गर्दै आएको र संस्थाकै सदस्यहरुबाट उल्लेखनीय प्राप्त भइरहेको बताइन ।

कार्यक्रमको उद्घाटन तथा समापनका अवसरमा संस्थाका सल्लाहकार तथा गोपालजी मन्दिर सेवा समितिका अध्यक्ष शरण लिगल, सल्लाहकारहरु मदनकाजी श्रेष्ठ, भीमबहादुर श्रेष्ठ, शम्भु प्रसाद कोइराला, नेपाल प्रेस युनियन कास्कीका अध्यक्ष शिरोमणि बराल, संस्थाका निवर्तमान अध्यक्ष पार्वती माकाजू, सचिव सीमा कोइराला, कोषाध्यक्ष भवानी माकाजू र कार्यक्रम संयोजक सरस्वती प्रजापति लगायतले संस्थाको गतिविधिका बारेमा चर्चा गरेका थिए ।

# रामबजारमा युआएरलको शिविर

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २० पुस ।**



रामबजारमा बुधबार दुई सय सात जनाको निःशुल्क सुगर, प्रेसर र किड्नी परीक्षण गरिएको छ। नेपाल रेडक्रस सोसाइटी उपशाखा १० र ११ महिला उपसमितिले आयोजना गरेको शिविरमा पोखरा, सभागृहचोकमा रहेको युनाइटेड रेफरेन्स ल्याबोरेटरी प्रालि युआरएलले प्राविधिक सहयोग र व्यवस्थापन नेरेसो उपशाखा १० र ११ ले गरेका थिए। कार्यक्रमका प्रमुख अतिथि रामबजार सोसाइटी युकेका वरिष्ठ सल्लाहकार समाजसेवी डा चन्द्रबहादुर गुरुङले स्वास्थ्य नै मानिसको सबैभन्दा ठूलो धन भएको उल्लेख गर्दा सामाजिक रुपमा आयोजना गरिने यस्ता शिविरले सबैमा स्वास्थ्य सेवा पुर्याउन सहयोग पुर्याउने बताए। राबजार सोसाइटी युकेका सल्लाहकार समाजसेवी महेश गुरुङले आफ्नो स्वास्थ्यबारे आफै सहज हुनुपर्नेमा जोड दिए। कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै युआरएलका प्रबन्ध निर्देशक ठाकुरप्रसाद पन्तले अन्तर्राष्ट्रिय स्तरको ल्याबका सेवा जनस्तरसम्म पुर्याउँदै जनतालाई सेवा दिन आफूहरु निरन्तर लागेको बताए। युआरएलको आयोजना र प्राविधिक सहयोगमा भएको यो २८ औं शिविर हो। पन्तले हालसम्म युआरएलले १५ हजार बढीलाई निःशुल्क सेवा प्रदान गरिसकेको जानकारी दिए। नेपाल रेडक्रस सोसाइटी उपशाखा १० र ११ का अध्यक्ष समरबहादुर श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रम सञ्चालन सचिव सूर्यबहादुर बानियाँ, स्वागत लक्ष्मी राजभण्डारी र रेडक्रसका सात सिद्धान्तवाचन निर्मला श्रेष्ठले गरेका थिए।

कार्यक्रममा धन्यवाद ज्ञापन लैंगिक तथा सामाजिक समावेशीकरण समितिका संयोजक नानीमाया गौतमले गरेकी थिइन्। फ्लोरा द बुटिक चिप्लेढुंगा र नरहरि मेडिकल सर्भिस रामबजारको सौजन्यमा शिविर भएको हो।

# इन्टेक्सका मोवाइलका ५० विक्रेता थाइल्याण्डमा

**पोखरा २० पुस ।(गोल्डेन)**

भारतीय मोबाइल कम्पनी इन्टेक्सका लागि नेपालको आधिकारिक वितरक सीजी इम्पेक्स् प्रालिले देशभरका उत्कृष्ट ५० बिक्रेता तथा कर्मचारीलाई थाइल्याण्ड पठाएको छ । इन्टेक्स मोबाईल कम्पनीका मोबाईलको स्कीम अनुसारको लक्ष्य पूरा गर्दै सबैभन्दा धेरै बिक्री गर्ने देशभरका उत्कृष्ट ५० जनालाई ४ रात ५ दिनको लागि थाइल्याण्डको बैंकक र पटायामा बिक्रेताहरुको भेला र भ्रमणका लागि पठाएको हो ।

थाइल्याण्ड पठाएका बिक्रेता तथा कर्मचारीहरुले भेला र भ्रमणपछि बिक्री वितरण तथा बजार विस्तारमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने इन्टेक्स स्मार्ट फोनको बजार व्यवस्थापन हेर्ने कुसुम लामा योन्जनले जानकारी दिइन । चौधरी ग्रुप अन्तरगत रहेको इन्टेक्स स्मार्ट फोनको सिजी इम्पेक्स् प्रालिले नेपालभर वितरण गर्दै आएको छ ।

**खुशीको खबर !**



के तपाईंलाई लागोभागो भई छेदभेद गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडो पार लगाउने देवी हुनुहुन्छ । साथै ढाड दुखेको, वाथ, शुक्री, बाँझोपन हटाउने, ग्याष्ट्रिक,रक्सी छुटाउने औषधि समेत पाइन्छ । *महिनावारी भएको ७ दिन र जूठो परेको १ वर्षपछिमात्र आउने ।*

अकलादेवी चढेकी अधिकारी (मिरुवाचोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५९५९

**सस्तोमा जहाज टिकट**

सस्तोमा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाईजहाज टिकट तथा टुरिष्ट बस टिकट चाहिएमा साथै विदेशमा सामान पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

World Int'l Travels & Tours Pvt. Ltd.
Newroad, Darbarthok Marga, Pokhara-9
Ph: 061-523753, 526409, 9856032747

**"रंगहरूको अन्तिम गन्तव्य"**

आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल

**योर्स ट्रेड कन्सर्न**

*एशियन पेन्टस्, रोयल ईस्पायरका साथै सिपेजको समस्या सावधान , वाटर प्रुफिङ गरिन्छ ।*

फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१

अमरसिंहचोक, पोखरा, कास्की

डिलर: एशियन पेन्ट

नेपालमा सर्वाधिक रूचाईएको पेन्ट

**हार्दिक समवेदना**



जन्मः ई.सं.१९७०/०२/०३

स्वर्गारोहणः ई.सं.२०१६/१२/२४

**स्व. सञ्जय चमडिया**

पोखरा भाँडा व्यवसायी संघ कास्कीका शुभचिन्तक एवं हकिंस् कुकरका अधिकृत विक्रेता, सञ्जय कन्सर्न काठमाडौंका संचालक **सञ्जय चमडियाको** निधन भएकोमा हामी अत्यन्तै मर्माहत एवं स्तव्ध भएका छौं। उहाँको निधन भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै **हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि **हार्दिक समवेदना** प्रकट गर्दछौं।

देव बहादुर (डि.वि.) भुजेल
अध्यक्ष एवं
पोखरा भाडा व्यवसायी संघ कास्की परिवार

**अनेक समस्या सफल उपचार**

**ग्याष्ट्रिकः** खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।

**यौन समस्याः-** सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।

**महिला सम्वन्धि समस्या**

महिनामारी गडवढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्दतिबाट सफल उपचार ।

**जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने**

**सुन्दरताः-** कालो चायाँ पोतो, डण्डिफोर, दाग धब्बा, मखिया, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।

**दुब्लो पातलो शरिरको तौल बढाउने साथै मोटो पन घटाउने ।।**

**थप उपचारः-** प्रेसर, सुगर, जण्डिस, पिनास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दुःखाई ठिक पार्ने मसाज तेल ।

**माछापुच्छ्रे हर्बो ट्रेड**
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फोन नं.०६१-५३१८६७, मो. ९८४६१३७४१८

फ्रि होम डेलिभरि

**पोखरामा पहिलो पटक**

- **यौनबर्द्धक** : लिङ्गको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात **हर्बल सप्लिमेन्ट** उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
- स्तन बढाउन, घटाउन, टाइट गर्न, गुप्ताङ्ग कसिलो बनाउन, पेटको चिरा हटाउन।
- केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
- Cuit Face बनाउन रुप अमृत (Inddian), Fair Look
- उचाई बढाउन Step Up, Triple Height
- तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
- **थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।**
- ढाँड तथा जोर्नी दुखाई ठिक पार्न, सन्धी सुधा पेननिल।

साथै टि.भी. तथा पत्रपत्रिकामा विज्ञापनमा देखाउने सम्पूर्ण सामान होलसेल तथा खुद्रा बिक्री गरिन्छ।

अब Facebook मा www.facebook.com/Pokhara Herbal Home

**पोखरा हर्वल होम्स्**
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919

फ्रि होम डेलिभरी

# बाँदरका कारण कृषक समस्यामा

**पोखरा २० पुस ।**

दु:ख गरेर लगाएको बाली बाँदरले खाइदिन थालेपछि खाद्यान्न समस्या झेल्दै आएका कास्कीका कृषक पछिल्ला दिन घरभित्रै बाँदर पस्न थालेपछि थप समस्यामा परेका छन् । तीन वर्षयता बाँदरले गाउँमा आतङ्कित पार्दै आएकामा पछिल्ला दिनमा घरभित्रै बाँदर पस्न थालेपछि कृषकलाई समस्या परेको हो । बाँदरले कृषकले लगाएको बाली सखाप पार्न थालेसँगै व्यावसायिक कृषिको विकल्प सोच्नुपर्ने अवस्था आएको पुम्दीका खेमराज बराल बताउँछन्। विगतमा बाँदर धपाएर पनि बालीको संरक्षण गर्न सकिने गरेकामा पछिल्ला दिनमा धपाउन जाँदा उल्टै बाँदरले आक्रमण गर्ने गरेको उनको भनाइ छ ।

उनले भने–“पहिले पहिले त धपाएपछि बाँदर भाग्थे, तर अहिले त्यस्तो छैन।” वन्यजन्तु संरक्षण ऐनले बाँदरलाई मार्न नपाइने जनावरका रुपमा सूचीकृत गरेको छ । तर यहाँका कृषकले भने राज्यले बालीनालीको उचित क्षतिपूर्ती उपलब्ध गराउनुपर्ने माग गरेका छन् । राष्ट्रिय कृषक समूह महासङ्घ कास्कीका सचिवसमेत रहेका बरालकाअनुसार बाँदरले गाउँ/गाउँमा आतङ्कित बनाए पछि सङ्घका तर्फबाट यसको व्यवस्थापनको माग गर्दै सर्वोच्च अदालतमा निवेदन दर्ता समेत गरिएको छ ।

जिल्लाका विभिन्न गाउँमा बाँदरले बाली खाइदिएपछि जिल्ला कृषि विकास कार्यालयमा गुनासो आउने गरेको छ । कृषकले बाँदरको व्यवस्थापन एवम् क्षतिपूर्तिको माग गर्दै आए पनि त्यस सम्बन्धमा स्पष्ट नीति तयार नहुँदा उनीहरूले राहत तथा क्षतिपूर्ति पाउन सकेका छैनन् । जिल्लाका पुम्दीभुम्दी, भरतपोखरी, निर्मलपोखरी, लाहाचोक, घाचोकलगायतका कृषक बाँदरबाट पीडित बनेका जिल्ला कृषि विकास कार्यालयका योजना अधिकृत इन्द्रमणि लामिछाने बताउँछन् ।

पुम्दीभुम्दी, घाचोक, लाहाचोकका साथै भरतपोखरीका बरमाझथर, बाँसपानी, चाउका, आँगेटारी, हुँडिकोटलगायतका स्थानमा बाँदरका कारण मकै भित्र्याउन नपाएका कृषकलाई यतिखेर हिउँदे तरकारी तथा मेवालगायतका फल जोगाउन हम्मे/हम्मे परेको छ ।

बिक्री गर्न राखेको एक लाख ५० रुपैयाँ हजार बराबरको गोलभेँडा बाँदरले खाइदिएको पुम्दीका कृषक प्रेमनाथ बरालले बताए । कतिपय कृषक व्यवसाय नै परिवर्तन गर्न बाध्य छन् । तराईमा हात्तीका कारण बालीनालीमा क्षति हुँदा कृषकले क्षतिपूर्ति पाउने गरे पनि वर्षौंदेखि बाँदरका कारण क्षति बेहोरेका यहाँका कृषकले क्षतिपूर्ति पाउन सकेका छैनन् । रासस

# नेफ्स्कुनका गुरुङ र पौडेल सम्मानित



**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २० पुस ।**

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड (नेफ्स्कुन) को हालै सम्पन्न २५औं साधारणसभाबाट केन्द्रीय सञ्चालनमा निर्वाचित भीम गुरुङ र चण्डि शर्मा पौडेललाई बधाई ज्ञापन गरिएको छ । नेफ्स्कुन फिल्ड कार्यालय पोखराको आयोजनामा बुधबार एक कार्यक्रमका बीच बधाई ज्ञापन गरिएको हो ।

उक्त अवसरमा बोल्दै गुरुङले सहकारीकर्मीहरुको साथ र मायाले आफूले चुनाव जितेको धारणा राखे । ‘सहकारी अभियानलाई सशक्त बनाउन मैले पूर्ण भूमिका खेल्नेछु,’ उनले भने, ‘सहकारी भित्रका कमीकमजोरीलाई सुधार गर्दै सहकारी अभियानलाई सशक्त बनाउन सबैका साथ आवश्यक छ ।’ कार्यक्रममा गुरुङ र पौडेललाई जिल्ला सहकारी संघ कास्कीका उपाध्यक्ष हरिभक्त पौडेल, जिल्ला बचत संघ कास्कीका उपाध्यक्ष सुदिप ढकाल, नेफ्स्कुन फिल्ड कार्यालय पोखरा सञ्चालन उपसमिति सदस्य नारायणप्रसाद आचार्य, फिल्ड कार्यालय इन्चार्ज दिनेश भण्डारी लगायतले माला, अबिर र खादाले सम्मान गरेका थिए ।

# मुक्तिनाथ विकास बैंकको रक्तदान

**पोखरा २० पुस ।(गोल्डेन)**

पोखराको पृथ्वीचोकमा केन्द्रीय कार्यालय रहेको मुक्तिनाथ विकास बैंक लिमिटेड मंगलबार दशौं वर्ष पुरा गरी एघारौं वर्ष प्रवेश गरेको छ । बैंकले वार्षिकोत्सवको अवसरमा आफ्नो सामाजिक उत्तरदायित्व अन्तर्गत बृहत रक्तदान कार्यक्रमको आयोजना गरेको थियो । बैंकको केन्द्रीय कार्यालयको प्राङ्गणमा आयोजित कार्यक्रममा ७० युनिट रगत संकलन गरी नेपाल रेडक्रस सोसाइटी, कास्कीलाई हस्तान्तरण गरिएको बैंकका प्रमुख कार्यकारी अधिकृत भरत राज ढकालले बताए । कार्यक्रममा प्रमुख अतिथि तथा बैंकका संस्थापक शेयरधनी पिताम्बर शर्माले पहिलो रक्तदाता बैंकका सञ्चालक समीतिका सदस्य चुडामणी कडेललाई ब्लडब्याग हस्तान्तरण गरी कार्यक्रमको उद्घाटन गरेको थिए ।

यसैबीच बैंकले पोखरा उपमहानगरपालिका अन्तर्गत रहेको नगर बालमञ्चको पहल र पोखरा उपमहानगरपालिकाको संयोजनमा पोखरा उपमहानगरपालिका अन्तर्गत रहेका २९ वटा वडा तथा उपमहानगरपालिका कार्यालय समेत गरी कुल ३० वटा कार्यालयहरुमा राख्ने गरी ३० थान सुझाव तथा गुनासो पेटिका नगर बालमञ्चका अध्यक्ष अनुश्रेया सुवेदीलाई बैंकका सञ्चालक समितिका अध्यक्ष मिन प्रसाद गुरुङ्गले एक समारोहका बीच हस्तान्तरण गरेको जनाइएको छ ।

# ‘निर्वाचन मिति छिट्टै घोषणा’

**काठमाडौं २० पुस ।**

प्रधानमन्त्री पुष्पकमल दाहालले संविधान संशोधन विधेयक र निर्वाचनसम्बन्धी कानुन व्यवस्थापिका-संसद्मा टेबुल गर्ने प्रक्रियासँगै केही दिनभित्रै निर्वाचनको मिति घोषणा गरिने बताएका छन्। संशोधन प्रस्ताव सम्बन्धी सर्वोच्च अदालतको फैसलाले राजनीतिक दलहरूलाई सहमतिका लागि प्रेरित गरेको र प्रमुख प्रतिपक्षी दल तथा मधेसी मोर्चासमेत सहमतिका लागि सकारात्मक बनेकाले सबै एकताबद्ध भएर सहमतिमा जाने अवस्था आएको उनले बताए ।

# प्रजातन्त्र दिवसमा म्याराथन

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २० पुस ।**

नेपालको खेलकुद क्षेत्रमा क्रियाशिल संस्था नेपाल भूतपूर्व खेलाडी मञ्चले फागुन ७ गते ११औं अन्तर्राष्ट्रिय सफल पोखरा म्याराथन आयोजना गर्ने भएको छ । मञ्चको बुधवार सम्पन्न वैठकले उक्त निर्णय गरेको हो ।

फागुन ७ गते प्रजातन्त्र दिवसको अवसरमा आयोजना हुने पोखरा म्याराथन बारे जानकारी दिदैं मञ्चका अध्यक्ष खडग रानाभाटले यस पटकको पोखरा म्याराथन अझै भव्य र सभ्य तरिकाले गर्ने बताए । अध्यक्ष रानाभाटले भने–“पोखरा म्याराथन पोखरेलीहरुको पनि सम्पत्ति हो यसको भव्यता संगै पोखरेलीहरुले देखाउने सदभाव र शुभेच्छा प्रशंसनीय छ।”

यस क्षेत्रको खेलकुदमा स्थापित पोखरा म्याराथनमा धेरै भन्दा धेरै स्वदेशी र विदेशी खेलाडीको सहभागिता रहोस् भन्नका लागि म्याराथन आयोजनालाई मञ्चले सदैव ध्यान पुर्‍याउदैं आएको उनले स्पष्ट पारे । पोखरा म्याराथनमा ४२ किमि १९५ मि, छात्रा/छात्र ५ किमि. अपाङ्गका लागि ह्वीलचियर महिला/पुरुष ४ सय मिटरका इभेन्टहरु आयोजना गरिने मञ्चले जनाएको छ ।

लामो समयको अन्तराल पछि लक्ष्मी हाउसको सफल दुधको प्रायोजनमा गत वर्ष देखि निरन्तरता दिन सुरु गरिएको यस पटकको म्याराथन सफल बनाउन सबैको सहयोग आवश्यक रहेको पूर्व खेलाडी एवम मञ्चका महासचिव हरी पराजुलीले बताए ।

करिब १५ लाख भन्दा बढी खर्च लाग्ने भएकोले पनि मंचले आयोजनाको खर्चका लागि मुख्य प्रायोजक संस्था लगायत अन्य सहयोगी संस्थाहरुको आवश्यकता रहने कोषाध्यक्ष मञ्जुलमान श्रेष्ठले बताए ।

# रातो नम्बर भनेर त्रास फैलाउने पक्राउ

**काठमाडौं २० पुस ।**

सामाजिक सञ्जालमा ‘रातो नम्बर’ बाट फोन आएको भन्दै अफवाह फैलाएको आरोपमा गायिका प्रश्ना पाण्डे र गायक दीपक बराईलीलाई प्रहरीले बुधबार पक्राउ गरेको छ। मोबाइल प्रयोगकर्तालाई रातो नम्बरबाट फोन आउने र त्यसले स्वास्थ्यमा गम्भीर जोखिम हुने भन्दै फेसबुक र ट्वीटरमा प्रचार गरेको आरोपमा प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआइबी) को टोलीले उनीहरुलाई पक्राउ गरेको हो । गायिका पाण्डेले आफूलाई रातो नम्बरबाट एनसेलको नम्बरमा फोन आएको भन्दै फेसबुकमा ‘स्टाटस’ राखेकी थिइन । जुन स्टाटसको आधारमा विभिन्न अनलाइनमासमेत नकारात्मक समाचार आएको थियो । तर प्रहरीले पक्राउ गरी सोधपुछ गर्दा उनको नम्बरमा रातो नम्बरबाट फोन नआएको भेटिएको थियो ।

# भद्रकालीमा वार्षिक खेलकूद शुरु

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २० पुस ।**

पोखरा उपमहानगरपालिका वडा नं १३ स्थित भद्रकाली माध्यमिक विद्यालयमा वार्षिक खुलकुद कार्यक्रम–२०७३ बुधवार देखि सुरु भयो । कार्यक्रममा विद्यालयका प्रधानाध्यापक घनश्याम रिजाल, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शरदकान्त सिग्दले र शिक्षक अभिभावक संघका अध्यक्ष चिनवहादुर गुरुङले संयुक्त रुपमा खेलकुद कार्यक्रमको उद्घाटन गरेका थिए ।

व्यवस्थापन समितिका अध्यक्ष शरदकान्त सिग्देलले कितावी ज्ञान सँगै विद्यार्थीलाई खेलकुदको पनि अनिवार्य रहेको चर्चा गरे । खेलकुदले शरीरको सर्वाङ्गीण विकास गर्न ठूलो सहयोग पुग्ने भने । आगमी २५ गते सम्म संचालन हुने खेलको पहिलो दिन छात्रा तर्फ भलिवल, छात्र तर्फ बास्केटल खेल सम्पन्न भएको अतिरिक्त क्रियाकलापका संयोजक लोकचन्द्र खनालले वताए ।





## के तपाईमा यौनसम्बन्धी समस्या छ ?

पुरुषमा देखिने : शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, पुरुष यौनाङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष ।

महिलाहरूमा देखिने : स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, महिलाको यौनाङ्ग चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गढबढी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डिफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुवी, सेतो दुवीका साथै अन्य चर्मरोगहरू ।

महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानको सफल उपचार

मलद्वार सम्बन्धी रोग : पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दु:ख्ने, पोल्ने, दिसासंग रगत बग्ने आदि समस्याको सफल उपचार ।

बिरामी जाँच्ने समय : बिहान ९:00 बजेदेखि बेलुकी ५:00 बजेसम्म

**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.**

नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि

फोन: ०६१-५३९१९४, ९८४६०४११३१, ९८०४१७२५३१

नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।





सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा